# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं

पत्र संख्याः .............
च.नं.: .................

मिति :- २०७९/१०/२०

**विषय : B.A.LL.B.(2079 Batch) 1st Semester समूहमा भर्ना सम्बन्धी सूचना ।**

त्रि.वि. कानून संकायद्वारा मिति २०७९ साल मंसिर १७ गते सञ्चालित सिमेष्टर प्रणालीको बी.ए.एलएल.बी. प्रवेश परीक्षामा सम्मलित भई मिति २०७९ पुस २२ गते (२०७९ माघ ५ गते)प्रकाशित नतिजा अनुसार योग्यताक्रम र कोटामा नाम प्रकाशित भएका परीक्षार्थीहरु मध्येबाट यस क्याम्पसमा भर्ना हुनका लागि कोटा सहित १०५ स्थानमा मिति २०७९ मांघ १८ गते बुधबार दिनको ३:०० बजेसम्म प्राप्त निवेदनहरुमध्ये योग्यताक्रम (Merit-List) मा रहेका निम्न परीक्षार्थीहरुको नामावली बी.ए.एलएल.बी. प्रथम सिमेष्टरमा भर्नाको लागि प्रकाशित गरिएको छ ।

तपसिल

१) निम्न बमोजिमका विद्यार्थीहरुले बी.ए.एलएल.बी. शाखाबाट भर्ना फाराम प्राप्त गरी भर्ना हुनु पर्नेछ । निर्धारित समय भित्र भर्ना नभएको कारणले कुनै स्थान रिक्त हुन आएमा यसै सूचना साथ संलग्न योग्यताक्रमका आधारमा भर्ना गरिने छ ।

| क्र.सं. | भर्ना हुने पाउने योग्यताक्रम (Merit List) | समूह/समूदाय |
|---|---|---|
| १. | १ देखि ८५ | खुल्ला |
| २. | ८८, ११५, १४० र १४८ | महिला |
| ३. | २११, ३१९ र ५९० | आदिवासी/जनजाति |
| ४. | १०१, १३० र १८१ | मधेशी |
| ५. | २८६ र २९० | दलित |
| ६. | ६४७ | अपाङ्गता भएका व्यक्ति |
| ७. | ३०४ | पिछडिएको दुर्गम क्षेत्र |
| ८. | ७६६ | मुस्लिम |
| ९. | २५८ र ८१८ | थारू |
| १०. | २०४ र २४० | अन्य (लैङ्गिक तथा यौनिक अल्पसंख्यक र आर्थिक रुपले विपन्न खस आर्य) |
| ११. | २२४ | त्रि.वि. सेवामा कार्यरत स्थायी शिक्षक/कर्मचारीका छोरा/छोरी |
| | भर्ना हुने मिति | २०७९ माघ २० गते शुक्रबारदेखि मिति २०७९ माघ २९ गते आइतबारसम्म |
| | समय | विहान ११:०० बजेदेखि दिउँसो ३:०० बजेभित्रमा |

क्याम्पस प्रमुख

फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np

# त्रिभुवन विश्वविद्यालय
# नेपाल ल क्याम्पस
प्रदर्शनी मार्ग, काठमाडौं


पत्र संख्याः .............
च.नं.: .................

२) भर्ना हुने विद्यार्थीहरुले आफनो **नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यताको सक्कल प्रमाणपत्र (Mark-sheet, Certificate & Character Certificate of SEE/SLC and Grade Sheet of 11, Transcript of 12 and, Certificate, Provisional, Character Certificate) को साथमा एक/एक प्रति छाँयाप्रति र** दुईवटा पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा बुझाउनु पर्नेछ साथै कोटाको हकमा कोटा दाबी पुग्ने सक्कल प्रमाणपत्रको छाँया प्रति बुझाउनु पर्नेछ ।

३) भर्नाका लागि पेश गरिएका प्रमाणपत्रहरु नक्कली भएको ठहिरएमा भर्ना लिइने छैन । भर्ना लिइसकेको भए पनि त्यस्तो भर्ना स्वतः रद्द हुनेछ । यसरी खाली हुन आउने स्थानमा यसै योग्यताक्रमका आधारमा भर्ना लिइनेछ ।

४) पठनपाठन कार्य यहि मिति २०७९ फागून १५ गते देखि सञ्चालन गरिनेछ ।

५) मिति २०७९/११/१४ गते आइतबारका दिन ११:०० बजे Orientation Class गरिनेछ ।

५) नियमित कक्षा संचालनको समयमा विद्यार्थीहरुले क्याम्पसले तोकेको देहायको ड्रेसकोड (Dress Code) मा अनिवार्य उपस्थित हुनुपर्ने छ । [Black Coat, Black Pant, White Shirt, College Tie, College Badge, Black Socks, Black Leather Shoes, College T-Shirt (Dark blue with College Logo), Black Jacket with College logo]

६) भर्नाको लागी क्याम्पसको **NIC Asia Bank** मा रहेको खाता नं. **५४४१०००६२२१५२४०५**मा रू. ६३,८८५/- (अक्षरुपी त्रिसठ्ठी हजार आठ सय पचासी मात्र) जम्मा गरेको सक्कल भौचर अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

७) त्रि.वि. रजिष्ट्रेशन शुल्क र परीक्षा शुल्क छुट्टै सूचना भए पश्चात् बुझाउनु पर्नेछ ।

८) क्याम्पसमा आवेदन दिने मध्ये त्रि.वि. कानून संकायद्वारा लिइएको प्रवेश परीक्षाको नतिजामा योग्यताक्रममानुसार सर्वोत्कृष्ट स्थान हासिल गरेको १(एक) जना विद्यार्थीलाई क्याम्पसले लिने प्रथम सिमेष्टरमा बुझाउनु पर्ने शिक्षण शुल्क र प्रवेश शुल्क छात्रवृत्ति वापत प्रदान गरिनेछ । सो पश्चात् प्रत्येक सिमेष्टरमा सिमेष्टर अन्त्य परिक्षामा सर्वोत्कृष्ट स्थान हासिल गर्ने १ (एक) जना विद्यार्थीलाई उक्त छात्रवृत्ति निरन्तर प्रदान गरिनेछ ।

९) यो सूचनामा कुनै त्रुटी भएमा यो सूचना प्रकाशित भएका मितिले ३ दिन भित्र दाबी गर्न आएमा अभिलेख अनुसार सच्चाइने छ ।

१०) यो सूचना क्याम्पसको वेवसाइट www.nlc.edu.np मा पनि हेर्न सकिनेछ ।

.............................
डा. डि.एन. पराजुली
क्याम्पस प्रमुख
क्याम्पस प्रमुख


फोन : ९७७-०१-४२२५३५८, ०१-४२६८५७८, फ्याक्सः ९७७-०१-४२३२३०७, इमेलः info@nlc.edu.np वेभसाईटः www.nlc.edu.np